नेपाल सरकार
गृह मन्त्रालय

# विपद् पीडित उद्धार र राहत सम्बन्धी(सातौं संशोधन) मापदण्ड,२०७७

प्रस्तावनाः प्रकोप पीडित उद्धार र राहत सम्बन्धी (छैठौं संशोधन) मापदण्ड, २०६४ लाई समसामयिक संशोधन गर्न वान्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३९ को उपदफा (१) बमोजिम नेपाल सरकारले यो मापदण्ड बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. प्रकोप पीडित उद्धार र राहत सम्बन्धी (छैठौं संशोधन) मापदण्ड, २०६४ (यस पछि "मापदण्ड" भनिएको) को दफा १ मा संसोधन गरी देहायको दफा १ राखिएको छः-

१. उद्धार तयारी व्यवस्थापनः

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले खोज, उद्धार तथा राहत सामाग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी विपद् आएका बखत आवश्यकता अनुसार जुनसुकै क्षेत्रमा तत्काल राहत पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ। यसका लागि खोज, उद्धार तथा राहत सामाग्री संघ, प्रदेश, जिल्ला तथा स्थानीय तहमा आवश्यकता अनुसार भण्डारको व्यवस्था गर्नुपर्नेछ। जोखिममा परेका बस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण तथा बस्ती स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्नको लागि आवश्यक अध्ययन, अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा श्रोत साधनको व्यवस्था संघ, प्रदेश तथा स्थानीय तहले गर्नुपर्नेछ तथा यस्ता बस्तीको जोखिम घटाउने सम्बन्धी कार्यक्रम कार्यान्वयनको व्यवस्था गर्नुपर्नेछ। प्रकोपको जोखिममा रहेका क्षेत्रको जोखिम विश्लेषण तथा प्रकोप मापनको कार्य गर्नुपर्नेछ।

(ख) प्रमुख जिल्ला अधिकारीले प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद्को प्रकृति पहिचान गरी सो बाट पीडितहरूको खोज तथा उद्धार गर्ने कार्यको लागि न्यूनतम २५ जनाको दक्ष जनशक्ति जुनसुकै बेला परिचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। विपद्को समयमा प्रभावकारी खोज, उद्धार तथा राहत व्यवस्थापनका लागि तालीम प्राप्त जनशक्ति र आवश्यक सामाग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न एवं लत्ताकपडा भण्डारणको व्यवस्था गर्नुपर्नेछ।

(ग) प्रदेश सरकार, जिल्ला र स्थानीय तहले खोज तथा उद्धार कार्यको लागि ७७ वटै जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको मातहतमा खोज तथा उद्धार सामाग्रीको भण्डारण गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ। यसका लागि न्यूनतम २५ जना

उद्धारकर्मीलाई उद्धार कार्यमा प्रयोग गर्न आवश्यक उद्धार सामाग्री भण्डारणको व्यवस्था गर्नुपर्नेछ।

(घ) प्रमुख जिल्ला अधिकारीले जिल्ला विपद् व्यवस्थापन कोषमा हिमाली जिल्लाको हकमा रु. चार लाख, पहाडी जिल्लाको हकमा रु. पाँच लाख र तराईका जिल्लाको हकमा रु. सात लाख न्यूनतम रकम मौज्दात कायम राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ङ) संघ, प्रदेश सरकार, जिल्ला र स्थानीय तहले सामाजिक एवं गैह्र सरकारी संघ संस्थाहरूको सहयोग समेत लिई विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम गर्नुपर्नेछ।

(च) विपद्को समयमा विस्थापित परिवारलाई सुरक्षित स्थानमा राखि शिविर संचालन गर्न जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक सामुदायिक भवन तथा हरेक स्थानीय तहले खुला क्षेत्र पहिचान गरी ती क्षेत्रहरू प्रयोग गर्न सक्नेछ।

(छ) जिल्ला विपद् व्यवस्थापन समितिले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा बमोजिम खोज तथा उद्धारका लागि आउने स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गर्ने गराउने तथा समुचित प्रवन्ध मिलाउने कार्य गर्नुपर्नेछ।

३. **मापदण्डको दफा २ मा संशोधनः** मापदण्डको दफा २ मा संसोधन गरी देहायको दफा २ राखिएको छः-

२. <u>आपतकालीन उद्धार तथा राहत वितरणः</u> जिल्ला विपद् व्यवस्थापन समितिले जिल्ला विपद् व्यवस्थापन कोषको रकम खर्च गर्दा देहाय बमोजिम गर्नुपर्नेछ।

क) विपद्को घटनामा परी कुनै परिवारमा १ जनाको मृत्यु भएमा रु. दुई लाखका दरले, सोही परिवारमा अन्य व्यक्तिको समेत मृत्यु भएमा प्रति व्यक्ति थप रु. एक लाखका दरले राहत रकम उपलब्ध गराउनु पर्नेछ। यसरी मृतकको परिवारलाई उपलब्ध गराइने राहत एकद्वार नीति अवलम्वन गरी उपलब्ध गराउने।

तर एकाघरका परिवारका सवै सदस्यको मृत्यु भइ एकासंगोलको कुनै पनि व्यक्ति जीवित नरहेमा त्यस्तो परिवारलाई यो दफा बमोजिमको राहत रकम प्रदान गरिने छैन।

ख) विपद्बाट घर, बहाल, आवास नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई यथाशीघ्र प्रति परिवार ५ जनासम्म सदस्य भएको परिवार भए रु. पन्ध्र हजार र ५ जना भन्दा बढी सदस्य भएको परिवार भए रु. बीस हजारका दरले नगद सहायता प्रदान गरिनेछ। सम्भव भएसम्म यस्तो सहायता तत्काल घटनास्थलमा उपलब्ध गराउने।

नेपाल सरकार
गृह मन्त्रालय

ग) विपद्को समयमा पीडित परिवारलाई सुरक्षित स्थानमा राखि शिविर सञ्चालन गर्नुपर्ने अवस्था भएमा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक व्यवस्था मिलाइ सो को जानकारी गृह मन्त्रालयमा दिने।

घ) विपद्मा परी खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारको सदस्य संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै गृह मन्त्रालयमा पठाउने।

ङ) पीडितहरूलाई राहत वितरण गर्दा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत उपलब्ध गराउने व्यवस्था गर्ने।

च) विपद्का घटनामा परी खाद्यान्न तथा हाल बसोबास गरी रहेको घर पूर्ण रूपमा नष्ट भएमा वा पूर्ण नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा त्यस्तो परिवारलाई स्थानीय तहको सिफारिस र प्रहरी प्रतिवेदनका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय गरी प्रति परिवार रु. एक लाखसम्म आर्थिक सहयोग उपलब्ध गराउने। तर अर्को स्थानमा बसोबास गर्ने घर नभएको अवस्था भएमा मात्र यस्तो राहत रकम उपलब्ध गराइने छ।

तर मनसुनको अवधिमा बाढी, पहिरो, डुवान तथा कटान लगायतका कारण पूर्ण रूपमा घर क्षति भइ घरवार बिहीन भएकाहरूका लागि २०७२ सालको भूकम्प पीडितलाई प्रदान गरिए बराबरको सहायता सोही विधि र प्रक्रियाबाट उपलब्ध गराउन अर्थ मन्त्रालयबाट आवश्यक बजेट माग गरी सहरी विकास मन्त्रालयले आवास निर्माण कार्य गर्ने व्यवस्था मिलाउने।

छ) विपद्का घटनामा परी घाइते हुनेहरूलाई जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च भुक्तानी गरी दिने र त्यस्ता व्यक्तिलाई अस्पतालबाट घर जान आर्थिक सहयोग स्वरूप प्रति व्यक्ति रु. एक हजार र यातायात खर्च दिने।

ज) विपद्बाट पीडितहरूलाई क्षति भएको घर पुनःनिर्माणका लागि प्रचलित कानून बमोजिम जिल्ला स्थित वन कार्यालय मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने।

झ) पीडित परिवारका सदस्य मध्ये कुनै एक जनालाई वैदेशिक रोजगारमा जाने इच्छा भएमा उमेर र अवस्थालाई विचार गरी सम्बन्धित व्यक्तिको खर्च एवं स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउने।

ञ) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरी बतास, चट्याङ, शीतलहर, हिमपात लगायतका विपद्का कारणबाट भएका हवाई, सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितहरूलाई मात्र माथि उल्लेखित राहत सहयोग उपलब्ध गराउने।

ट) राहत तथा उद्धार कार्य सञ्चालन गर्नुपर्ने विशेष परिस्थितिमा विविध खर्चको लागि रु. पाँच हजार सम्म जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार प्रमुख जिल्ला अधिकारीले खर्च गर्न सक्ने।

ठ) जिल्ला विपद् व्यवस्थापन समितिले यो मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भएको ३० दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने।

ड) सरुवा रोगको महामारी वा संक्रमणको अवस्थामा गरिने जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि महामारी वा संक्रमणको प्रकृति अनुसार जिल्ला प्रशासन कार्यालयका लागि अति आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामाग्रीहरु खरिदका लागि जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार जिल्ला विपद् व्यवस्थापन कोषबाट बढीमा रु. एक लाखसम्म खर्च गर्ने सक्नेछन्।

तर यस्तो खर्च गर्नुपर्दा प्रदेश सरकार, स्थानीय तह र अन्य संघसंस्था आदिबाट उपलब्ध नभएको अवस्थामा मात्र दोहोरो नपर्ने गरी गर्ने ।

ढ) राहत वितरण गर्दा तथा पीडितलाई उद्धार गरी अस्थायी आश्रय स्थलमा राख्दा संकटासन्न (Vulnerable) अवस्थामा रहेका सुत्केरी, गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक, विरामी तथा अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकतालाई विशेष ध्यान दिई प्राथमिकताका आधारमा व्यवस्थापन गर्ने।

ण) विद्यालय जाने उमेर समूहका बालबालिकाको हकमा पाठ्यपुस्तक, विद्यालय पोसाक लगायत अन्य शैक्षिक सामाग्री विपद्को कारणले नष्ट भई तत्काल व्यवस्था गर्नुपर्ने भएमा सामाजिक संघ संस्था तथा गैरसरकारी संघसंस्था र सम्बन्धित विषयगत निकायको समन्वय र सहकार्यमा स्थानीय तह मार्फत उपलब्ध गराउने।

४. **मापदण्डको दफा ३ मा संशोधनः** साविक मापदण्डको दफा ३ मा संसोधन गरी देहायको दफा ३ राखिएको छः-

३. <u>सुचना व्यवस्थापन, अनुगमन र मूल्याङ्कनः</u> क) गृह मन्त्रालयबाट संचालनमा ल्याइएको डि.आर.आर.पोर्टल Disaster Risk Reduction Portal मार्फत विपद् सम्बन्धी सूचनाको प्रवाह गर्नुपर्नेछ।

ख) प्रदेशमा रहेको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्लामा जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र र स्थानीय तहमा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रले विपद् सम्बन्धी घटनाका तथ्याङ्क अद्यावधिक गरी राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रमा पठाउने र राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्रले डि.आर.आर.पोर्टल Disaster Risk Reduction Portal मार्फत प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ।

ग) विपद् पीडित उद्धार तथा राहत व्यवस्थापन कार्यमा सक्रियता पूर्वक कार्य गर्ने समाजसेवी, राजनैतिक व्यक्तित्व, व्यवसायी, सामाजिक संघ-संस्था एवं राष्ट्र सेवक कर्मचारीहरूको नाम सम्बन्धित प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरुले उचित सम्मान र पुरस्कारको लागि गृह मन्त्रालयमा सिफारिस गरी पठाउन सक्नेछन्।